# स्वर्गद्वारी नगरपालिका

५ नं. प्रदेश, नेपाल
प्यूठान
२०७३

प.स.
च.नं.	मिति २०७५।०९।२५

## प्रेस विज्ञप्ती

मिति २०७५ पौष २४ गते दिनको १ः२५ वजे स्वर्गद्वारी नगरपालिकाको प्रशासन तथा योजना शाखामा नगरपालिकाको विभिन्न योजनाहरूको विषयमा छलफल गरिरहेको समयमा केही व्यक्तिहरूको समूह नगरपालिकाको परिसरमा वसी सोही समूह मध्यवाट ३ जना अपरिचित व्यक्ति एकाएक प्रवेश गरी नगरपालिकाका नगर प्रमुख श्री नेत्र वहादुर रोका क्षेत्री माथि प्रज्वलनशिल पदार्थ खन्याई "त हाम्रो कब्जामा छस" भनि धम्काएर फरार भएको घटना प्रति नगरपालिका खेद प्रकट गर्दछ । लगतै विप्लव नेतृत्वको नेकपाले केहि आधारहिन र कपोकल्पीत आरोपहरू लगाउदै घटनाको जिम्मेवारी लिएको सन्दर्भमा ३९ वर्षदेखि अविछिन्न रूपमा राजनिति मार्फत जनसेवामा समर्पित भइरहदाँ म माथि लागेका झुठा र दुरासयपूर्ण आरोपहरू स-प्रमाण पुष्टी गर्न चुनौती दिदैं यो विज्ञप्ती मार्फत मेरा धारणाहरू प्रस्तुत गर्न चाहन्छु ।

- कुनै पनि लेखा प्रणालीले गर्नै नमिल्ने वेनामी चेक कहाँ, कहिले, कसरी काटियो ? भुक्तानीका आफ्नै प्रक्रिया हुन्छन् । विना प्रक्रिया कुनै पनि भुक्तानी भएका छैनन् । सवै भुक्तानीका कागजपत्रहरू नगरपालिकामा सुरक्षित छन् । आवश्यक परे सम्वन्धित निकाय र आम जनताले त्यसको अनुगमन लेखाजोख गर्न सक्नुहुनेछ ।
- कुनै पनि उपभोक्ता समिति गठन गर्दा मेरो उपस्थिती छैन । आदेश पनि गरेको छैन । मैले नगरकार्यपालिकाको वैठकमा वडा अध्यक्षहरूलाई समावेसी र सर्वपक्षीय उपभोक्ता समिति गठन गर्न निर्देशन दिदै आएको छु । कुनै पनि उपभोक्ता समितिमा जननिर्वाचित प्रतिनिधि र कर्मचारीहरूको कुनै पनि दवाव मुलक कार्य हुने गरेको छैन् । उपभोक्ता समिति उपभोक्ताहरूकै भेला मार्फत हुने गरेको छ ।

- विभिन्न समयहरूमा वैठकवसी करको वारेमा निर्णय गरिएको छ । परिवर्तित अवस्थामा कर प्रणालीलाई कसरी ब्यवस्थित गराउने भन्ने वारे छलफलहरू भएका छन । तर कर वृद्धि गरेको विषय सरासर गलत हो । स्थानीय सरकार संचालन ऐन तथा कर सम्वन्धी संघ, प्रदेश र स्थानीय तहले अख्तियार गरेका नीति, नियम र ऐनबाट नै करको निर्धारण हुने गरेको आम जनसमुदायमा स्पष्ट पार्न चाहन्छु । यदी कुनै शिर्षकमा करको दायरा बढि भयो भन्ने कोहि कसैलाई लाग्छ भने नगरकार्यपालिकाको कार्यालयमा आई जानकारी दिन वा सुझाव दिने बाटो खुला रहेको यसै विज्ञप्ती मार्फत स्पष्ट पार्न चाहन्छु ।
- प्राकृतिक स्रोत साधनलाई दुरुपयोग गर्ने भन्ने विषयमा लागेको आरोप प्रति हाम्रो गम्भिर ध्यानाकर्षण भएको छ । प्राकृतिक श्रोतको दोहनलाई रोक्न हमेसा चिन्तित भइरहने हामी नगरपालिकाका नेतृत्वलाई आरोपित गर्ने तत्वसंग पुष्ट्याई गर्न चुनौती दिन चाहन्छु । प्राकृतिक श्रोतको उपयोगका लागि प्रचलित कानुन तथा ऐन नियम विपरित कुनै पनि कार्य नभएको स्पष्ट पार्दछु ।
- कर्मचारी नियुक्तिको विषयमा लागेको आरोप सरासर गलत र पुर्वाग्रही ढङ्गले प्रस्तुत गरिएको छ । जनप्रतिनिधिका कुनै पनि आफन्तलाई कर्मचारी नियुक्ति प्रक्रिया विना नियुक्ति गरिएको छैन । कतिपय जनप्रतिनिधिका आफन्तहरू कर्मचारी छनौट प्रक्रियावाट बाहिरिएको दृष्टान्त हामी सामु छर्लङ्गै छ । जुन आम जनसमुदाय र सञ्चारकर्मी माझ छिपेको छैन । कर्मचारी भर्नामा जनप्रतिनिधिको कुनै संलग्नता हुँदैन । यदि कुनै त्रुटि भएको छ भने आवश्यक कागजात छानविन गर्न सकिने बाटो त छदै छ ।

राजनितिक पृष्ठभूमी वोकको राजनितिक दल वा कुनै राजनितिक कार्यकर्ताले नियम पद्धती, प्रजातान्त्रिक मूल्य मान्यता अनुरूप वहस र छलफल गर्नुको सट्टा छापामार शैलीमा आई गरिएको भौतिक आक्रमणको कार्य जति निन्दा गरे पनि सम्भव छैन । यस्ता अराजक गतिविधिमा संलग्नलाई कारवाहीको माग गर्दै यस्ता घटना प्रति सचेत रहन सवैमा अनुरोध गर्दछु ।

.............................................

(नेत्र वहादुर रोका क्षेत्री)

नगर प्रमुख

स्वर्गद्वारी नगरपालिका,